# प्रजनकको अधिकार भनेको के हो ?




बिरूवाको नयाँ जातको बीउको उत्पादन, पुनरोत्पादन, बिक्री-वितरण र आयात-निर्यातजस्ता कार्य गर्नबाट अरूलाई रोक लगाई उल्लेखित सबै कार्य आफूमात्र गर्न पाउने बौद्धिक सम्पत्ति अधिकारलाई सामान्यरूपमा प्रजनकको अधिकार भनी बुझ्न सकिन्छ । यस्तो अधिकार विशेषगरी प्रजनक र बीउ कम्पनीले केही निश्चित वर्षका लागि एकाधिकारको रूपमा उपयोग गर्दछन् ।






**तर** नेपाल सरकार, कृषक र सम्बन्धित सरोकारवालाले ध्यान दिनुपर्ने विषय के हो भने यस्तो अधिकारको उपयोगमा कानुनी रूपमा केही अपवाद र सीमाहरू पनि हुन्छन् । साधारणतया प्रजनकले निम्न अवस्थामा बिरूवाको नयाँ जातको बीउको उपयोगमा बन्देज लगाउन सक्दैन भनी कानुनमा व्यवस्था गर्न सकिन्छ ।



निजी रूपमा वा गैरव्यापारिक उद्देश्यले प्रजनकको नयाँ जातको बीउ उपयोग गर्न



अध्ययन, अध्यापन र अनुसन्धानका लागि प्रजनकको नयाँ जातको बीउ उपयोग गर्न



प्रजनकको नयाँ जातको बीउलाई अन्य जात प्रजनन र विकास गर्नका लागि उपयोग गर्न

यसबाहेक नेपालको कृषि परिवेशमा प्रजनकको अधिकारका कारण कृषकहरूको बीउविजनसम्बन्धी अधिकारहरूमा प्रतिकूल असर पर्न नदिन मुलुकको राष्ट्रिय कानुनमा कृषक अधिकार संरक्षणका लागि नेपाल सरकार र कृषकलगायत अन्य सबै सरोकारवालाले चासो र प्रतिबद्धता देखाउन आवश्यक छ ।



IDRC CRDI